## संक्षेप

### सर्लाहीमा २२ संक्रमित थपिए

**सर्लाही/रास–** सर्लाहीमा शनिबार २२ जना कोरोना संक्रमित बिरामी थपिएको छ । बरहथवा, बाग्मती र हरिपुर नगरपालिकामा बसोबास गर्दै आएका नागरिकमा संक्रमण देखिएको बरहथवा नगरपालिकाका जनस्वास्थ्य निरीक्षक सत्यनारायण यादवले जानकारी दिए । बरहथवा नगरपालिकाका १७ जना, बाग्मती नगरपालिकाका ४ जना र हरिपुर नगरपालिकाको १ जना संक्रमित थपिएका हुन् ।

६ भदौमा बरहथवा नगरपालिकाले बरहथवा, बाग्मती र हरिपुर नगरपालिका गरी १४१ जनाको थ्रोट स्वाब संकलन गरी कोरोना परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाडौं पठाएको थियो । जसमध्ये १३० जनाको रिपोर्ट आउँदासम्म २२ जनामा कोरोना देखिएको र ११ जनाको रिपोर्ट आउन अझै बाँकी रहेको निरीक्षक यादवले बताए । बरहथवामा थपिएको १७ जना कोरोना संक्रमितमध्ये २ जना प्रहरी, ४ जना धुनुवा र बाँकी सबै स्थानीय रहेको बरहथवा नगरपालिकाले जनाएको छ ।

### बैतडीमा कोरोनाबाट एक जनाको मृत्यु

**बैतडी/रास–** बैतडीमा कोरोना भाइरसको संक्रमणका कारण एक जनाको मृत्यु भएको छ । जिल्लाको पुर्चौंडी नगरपालिका-३ का २९ वर्षीय पुरुषको कोरोनाका कारण मृत्यु भएको हो । भारतको बैंग्लोरबाट फर्किएका ती पुरुष पुर्चौंडीकै लामाधारमा मृत भेटिएका थिए । उनको स्वाब परीक्षण गर्दा कोरोना पुष्टि भएको हो । नेपाली सेनाले मृतकको व्यवस्थापन गर्ने प्रहरी नायव उपरीक्षक नारायणप्रसाद अधिकारीले जानकारी दिए । मृतकका १ श्रीमती र १ पाँच वर्षीय छोरा रहेका छन् । बैतडीमा कोरोना कारण पहिलो व्यक्तिको मृत्यु भएको हो । जिल्लामा हालसम्म ४०२ जनामा संक्रमण पुष्टि भइसकेको छ ।

पुर्चौंडी- ४ का वडाअध्यक्ष शैलेन्द्र धानुकले रोजगारीको शिलशिलामा भारत गएका युवक, भारतबाट घर फर्कंदै गर्दा आफ्नै घरनजिक मृत अवस्थामा फेला परेको बताए ।

### कोभिडले नछोएको सामुदायिक विद्यालय

**सिमरा/रास–** जीतपुर सिमरा उपमहानगरपालिकामा सञ्चालित श्री नेपाल राष्ट्रिय माध्यमिक नमुना विद्यालय सिमराले कक्षा ११ को नयाँ भर्नाका लागि अनलाइन/अफलाइन 'इन्ट्रान्स' सञ्चालन गरेको छ । यसअघि कक्षा १२ का लागि अनलाइनबाटै कक्षा सञ्चालन गरेको विद्यालयले नयाँ भर्नाका लागि पनि आवेदन माग गरेको हो ।

'इन्ट्रान्स' को पहिलो चरणको परीक्षामा २५० बढी विद्यार्थीले अनलाइन र अफलाइन परीक्षा दिएका छन् । विद्यालय आउन सक्ने विद्यार्थीका लागि विद्यालयमै र टाढा घर भएका विद्यार्थीका लागि अनलाइ 'इन्ट्रान्स' को व्यवस्था गरिएको थियो ।

जसमध्ये पहिलो चरणको 'इन्ट्रान्स'मा उत्तीर्ण हुने विद्यार्थीलाई भर्ना लिने कार्य समेत सुरु गरिएको सहायक प्रधानाध्यापक अच्युतदेव सिटौलाले जानकारी दिए ।



लोकसभामा कृषि ऐन पास गरेपछि अमृतसरबाट २५ किलोमिटर टाढा रहेको देवी दासपुरा गाउँमा सरकारविरुद्ध प्रदर्शन गर्दै किसान । उनीहरूले रेल ट्र्याक अवरुद्ध गरेर प्रदर्शन गरेका थिए । तस्बिर : एएफपी/रासस

# ३ करोड २७ लाखभन्दा बढी संक्रमित

## ९ लाख ९३ हजारभन्दा बढीको मृत्यु

**एजेन्सी**
पेरिस

विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट मृत्यु हुनेको संख्या ९ लाख ९३ हजार ७७० पुगेको छ । जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार कोभिड-१९ बाट संक्रमित हुनेको संख्या विश्वभर ३ करोड २७ लाख ८३ हजार पुगेका छ । कुल संक्रमितमध्ये २ करोड ४१ लाख ८४ हजार निको भएका छन् भने करिब ७६ लाख मानिस सक्रिय संक्रमित छन् ।

विश्वभर अझै पनि ६३ हजार मानिसको स्वास्थ्य अवस्था निकै जटिल रहेको छ । पेसा व्यवसाय खोल्ने वा नखोल्ने भन्ने विषयमा दोधारमा रहेको संयुक्तराज्य अमेरिकामा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ भने यहाँ संक्रमितको संख्या पनि ७२ लाख ४४ हजार नाघिसकेको छ । कोरोना संक्रमणबाट अमेरिकामा हालसम्म २ लाख ८ हजारभन्दा बढीको मृत्यु भएको छ ।

विश्वकै दोस्रो ठूलो जनसंख्या रहेको भारतमा ५९ लाख संक्रमित भएका छन् भने यहाँ ९३ हजारभन्दा बढीको ज्यान गइसकेको छ । त्यस्तै ब्राजिलमा करिब ४७ लाख व्यक्ति संक्रमित भएकामा १ लाख ४० हजारभन्दा बढीको मृत्यु भएको छ ।

खोप विकास गरिसकेको घोषणा गरेको रसियामा पनि २० हजारभन्दा बढीको मृत्यु भएको छ भने दैनिक संक्रमितको संख्या पनि बढ्दो छ ।

युरोपेली मुलुक खासगरी बेलायत, फ्रान्स, स्पेन र इटालीमा कोरोना भाइरस संक्रमणको दोस्रो लहर सुरु भएको आँकलन गर्दै सार्वजनिक जनजीवनमा धेरै किसिमका प्रतिबन्धको घोषणा गर्न थालिएको छ ।

# भारतमा ९ लाख ६० हजार अझै पनि संक्रमित अवस्थामै

**दिल्ली/एजेन्सी–** भारतमा कोरोना भाइरसबाट कुल संक्रमितमध्ये ९ लाखभन्दा बढी अझै पनि संक्रमित अवस्थामै रहेका छन् ।

सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार कुल ९ लाख ६० हजार ९६९ जना अहिले पनि संक्रमित अवस्थामै रहेका हुन् । भारतमा पछिल्लो २४ घण्टामा ८५ हजार ३६२ जना कोरोना भाइरसबाट संक्रमित भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । योसँगै भारतमा अहिलेसम्म कुल ५९ लाखभन्दा बढी संक्रमित भएका छन् ।

भारतमा कोरोनाकै कारणले अहिलेसम्म मृत्यु भएकाको संख्या ९३ हजार ३७९ पुगेको छ । तीमध्ये १ हजार ८९ संक्रमितको पछिल्लो २४ घण्टामा मात्रै मृत्यु भएको हो ।

कोरोना भाइरबाट संक्रमित भएर पनि अहिले संक्रमणमुक्त भइसकेकाको संख्या भारतमा ४८ लाख ४९ हजार ५८५ रहेको छ । प्रदेशअनुसार हेर्दा भारतमा सबैभन्दा बढी महाराष्ट्र प्रदेश प्रभावित भएको छ भने त्यसपछि क्रमश: कर्नाटक, अन्द्र प्रदेश, उत्तर प्रदेश र तमिल नाडु अग्रस्थानमा रहेका छन् ।

## नेपाल प्रहरीमा...

गृह मन्त्रालयले डीआईजी थप गर्ने विषयमा अध्ययन गरी सिफारिस गर्न ओएनएम समितिसमेत बनाएको थियो । सो समितिले समेत डीआईजी संख्या थपको प्रस्ताव गरेको थियो । सो समितिमा नेपाल प्रहरीका तर्फबाट डीआईजी प्रकाशजंग कार्कीसमेत सदस्य छन् ।

स्रोतका अनुसार प्रहरी प्रधान कार्यालय र मन्त्रालयबीच सहमति जुटेपछि सो संख्या प्रस्ताव गरिएको थियो । प्रधान कार्यालयले महत्त्वपूर्ण विभागमा डीआईजीको दरबन्दी आवश्यक रहेको भन्दै प्राविधिकतर्फ बाहेक हाल १४ जनाको संख्या रहेको डीआईजीबाट पाँच बढाएर १९ पुर्‍याउन प्रस्ताव गर्दै आएको छ ।

यसअघि नेपाल प्रहरीमा प्राविधिकतर्फ बाहेक डीआईजीको दरबन्दी २६ थियो भने सरकारले एकैपटक गत चैतमा संख्या घटाएर १४ मा झारेको थियो । त्यसयता डीआईजी प्रमुख रहेका प्रहरी संगठनका कतिपय विभाग एसएसपीको भरमा चल्दै आएका छन ।

सरकारले डीआईजीको संख्या कटौती गर्दा बढुवाको मुखमा रहेका धेरै एसएसपी मर्कामा परेका थिए भने प्रहरी संगठनभित्र असन्तुष्टिसमेत बढेको थियो । त्यसबखत गृह सचिव महेश्वर न्यौपाने र तत्कालीन प्रहरी महानिरीक्षक ठाकुर ज्ञवालीबीच पटकपटक भनाभनसमेत भएको थियो ।

पछिल्लोपटक संख्या थप गर्ने विषयमा मन्त्रालयका सहसचिव रामप्रसाद आचार्यको संयोजकत्वमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति (ओएनएम) गठन गरिएको थियो । हाल उनको अन्यत्र सरुवा भएपछि सो स्थानमा सहसचिव धानेश्वर गौतम छन् ।

नेपाल प्रहरीतर्फ डीआईजीले नेतृत्व गर्ने कार्यविभाग, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका, लागूऔषध, मानव बेचबिखन, साइबर ब्युरोलगायतका विभाग नेतृत्वविहीन छन् । हाल केही विभागलाई एआईजीको मातहत राखेर गाभिएको छ ।

यसअघि दरबन्दी कटौती हुँदा वरीयतामा अघि रहेका धनश्याम अर्याल प्रकाशजंग कार्की, वसन्त पन्त, ईश्वरबाबु कार्की, सहकुल थापा, धिरजप्रताप सिंह, वसन्तकुमार लामा, रवीन्द्रबहादुर धानुक, उत्तमराज सुवेदी र अरुणकुमार बिसी डीआईजी बढुवा भएका थिए ।

नेपाल प्रहरीका हाल दुई डीआईजी पद रिक्त छन् भने पाँच दरबन्दी थपिएपछि सात जना एसएसपी वरिष्ठताका आधारमा डीआईजीमा बढुवा हुनेछन् ।

## रोकिएन शंकर...

सम्पति छानबिन गर्ने क्रममा शंकर ग्रुपले राजस्वसमेत छली गरेको पाइएपछि सम्पति शुद्धीकरण अनुसन्धान विभागले राजस्व छलीमा कारबाही गर्न राजस्व अनुसन्धान विभागलाई पत्राचारसमेत गरेको छ ।

विभागले शंकर ग्रुपका सबै कम्पनीको जायजेथा सम्पति विवरणसमेत संकलन गरिरहेको छ । प्राप्त कागजातका आधारमा शंकर ग्रुपका एकपछि अर्को फ्रड धन्दा उजागर हुँदै जान थालेको विभाग स्रोतले जानकारी दिएको छ । विभागका अनुसार सबै सम्पति तथा जायजेथाको विवरण संकलन गरेपछि ग्रुपका अध्यक्ष, प्रबन्ध निर्देशक तथा सञ्चालकलाई बयानका लागि बोलाइने विभागले जनाएको छ ।

## मन्त्री बन्न...

'प्रभावकारी काम हुन नसक्दा जनतामा निराशा बढेको' भन्दै 'सरकार सच्चिएर अघि बढ्नुपर्ने' उनीहरूको सुझाव छ । प्रधानमन्त्रीलाई सफल बनाउने मन्त्रीहरू नै चलायमान र असल नियतका हुन नसक्दा सरकार कमजोर बन्दै गइरहेकाले आगामी दिनमा सिंगो सरकारलाई नै 'भाइब्रेसन'मा ल्याउन सक्ने ल्याकत भएका मन्त्री ल्याउनुपर्नेमा जनस्तरबाटै जोड दिइएको छ ।

प्रधानमन्त्री भएपछिको साढे दुईवर्षे कालमा ओलीले ११ पटक मन्त्रिमण्डल विस्तार तथा हेरफेर गरिसकेका छन् । १२औंपटक मन्त्रिपरिषद् पुनर्गठन तयारीमा उनी लाग्दै गर्दा नयाँ मन्त्रीका असल गुणबारे ओली स्वयंले पनि खासै चासो नदिएको गुनासो नागरिकस्तरमा बढ्न थालेको छ ।

राजनीतिक स्थिरता, विकास र समृद्धि मुख्य उद्देश्य बोकेको ओली सरकारको साढे दुईवर्षे काल बितिसक्यो । पाँच वर्षको 'जनम्यान्डेट' पाएको सरकारले अबको साढे दुईवर्षे कार्यले सिंगो नेकपाकै 'राजनीतिक भविष्य' निर्धारण गर्ने विश्लेषकको दाबी छ । बितेका साढे दुई वर्षमा राम्रो 'टिम' नहुँदा ओलीले आशातीत काम गर्न नसकेको तर्क उनीहरूको छ । अबका मन्त्री नैतिकवान्, लोभलालचविहीन, बिचौलिया र माफियाको जालो तोड्न सक्ने गुणयुक्त हुनुपर्ने सुझाव विश्लेषकको छ ।

स्रोतका अनुसार नेकपा कार्यकारी अध्यक्ष दाहालले समेत गुणयुक्त व्यक्तिको खोजीबारे प्रधानमन्त्री ओलीसँग गम्भीरतापूर्वक छलफल गर्न खासै रुचि नराखेकै कारण नयाँ मन्त्री औसतभन्दा बढी क्षमतावान् हुने छैनन् ।

प्रशासन अध्येता तथा सरकारका सहसचिव तारानाथ अधिकारी प्रधानमन्त्रीले मन्त्री ल्याउँदा असल गुण चरित्र र संस्कारका आधारमा ल्याउन सके राम्रो परिणाम दिन सक्ने विश्वास व्यक्त गरे । सुशासन क्षेत्रमा दख्खल अधिकारीले 'बहुदलीय व्यवस्थामार्फत समाजवादमा पुग्न सक्ने दूरदृष्टि भएका र त्यसलाई व्यवहारमा उतार्न सक्नेलाई नै मन्त्री बनाउनुपर्ने'मा जोड दिन्छन् । 'निर्जीभन्दा सार्वजनिक हित प्रवर्द्धनमा उल्लेखनीय भूमिका खेलेका, नैतिकता र आचरण प्रदर्शित व्यक्ति मन्त्रीका रूपमा छनोट गर्न सके त्यस्ताले परिणाम दिनसक्छन्,' उनी भन्छन् ।

सार्वजनिक प्रशासन क्षेत्रका जानकार डा. नारायण रेग्मी भ्रष्टचारको जालो तोड्न सक्नेलाई मन्त्री बनाउँदा सरकार सफल हुने सुनाउँछन् । 'सुशासन गफ गर्ने विषय होइन, अग्रभागमा रहेर सुशासन कायम गराउन तत्पर व्यक्तिलाई मन्त्री बनाउनुपर्छ,' उनले शनिबार राजधानीसँग भने, 'त्यस्ता व्यक्तिले नै आशातीत नतिजा दिन सक्नेमा कुनै शंका छैन ।'

प्रशासनविद् तथा पूर्वसचिव शारदाप्रसाद त्रिताल योग्यता, दक्षता तथा क्षमताका आधारमा भन्दा 'कोटा पुर्‍याउन खल्तीबाट मन्त्री बनाउने प्रवृत्ति पुनरावृत्ति भए, त्यसले सरकारलाई असफल बनाउन सक्ने' बताउँछन् । 'अब सरकारसँग धेरै समय छैन,' उनले थपे, 'त्यसैले योग्य र रातदिन काममा खट्ने इमानदार व्यक्तिलाई मन्त्री बनाउनुपर्छ ।'

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४मा मन्त्रीको स्पष्ट जिम्मेवारी निर्धारण गरिएको छ । जसअनुसार मन्त्रीले संविधान तथा अन्य प्रचलित कानुनमा उल्लेखित जिम्मेवारीका साथै सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्यसम्बन्धी नीतिगत विषयलगायत आवश्यक कार्य समयमै सम्पादन गर्न लगाउनुपर्छ । जिम्मेवारीअनुसार मन्त्रीले मन्त्रालय र त्यसअन्तर्गत दिइएका आवश्यक निर्देशन समयभित्रै पालना गर्नु कर्मचारीको कर्तव्य रहने व्यवस्थासमेत सुशासन ऐनमा छ ।

जानकारका अनुसार केही अपवादबाहेक प्रधानमन्त्री ओलीका वर्तमान सारथिले उल्लेखनीय काम गर्न सकेका छैनन् । त्यसैले यसको सिंगो अपजस प्रधानमन्त्री आफैंले लिनु परिरहेको छ । 'केही मन्त्रीहरू कम्मल ओढेर घिउ खान निकै सिपालु देखिएका छन् तर प्रधानमन्त्री ओलीको संयन्त्रले थाहा नपाएको हो वा थाहा नपाएको झैं गरेको हो, बुझ्न सकेका छैनौं,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक अधिकारीले राजधानीसँग भने ।

ती अधिकारीका अनुसार सुरुका दिनमा प्रधानमन्त्री ओली र उनको संयन्त्रसँग प्रशासकीय संयन्त्रसमेत निकै आशावादी थियो, त्यसैले प्रशासनले निकै सर्तकतापूर्वक काम गरेको थियो । तर पछिल्ला दिनमा आएर प्रधानमन्त्रीको संयन्त्र कमजोर हुँदै गएकाले प्रशासनले समेत अटेर गर्ने प्रवृत्ति बढेको ती अधिकारीको अनुभव छ । 'प्रधानमन्त्रीको अनुगमन संयन्त्र कमजोर भएकाले प्रशासनिकस्तरमा कामै नगर्ने र अराजक प्रवृत्ति मौलाउँदै गएको ती अधिकारीले बताए । 'मुख्य सचिवले पनि प्रशासनिक संरचनालाई चलायमान बनाउन नसक्दा सरकारको काम प्रभावकारी बन्न नसकेको हो,' सरकारका एक सचिवले राजधानीसँग भने । 'मुख्य सचिवले हरेक मन्त्रालयको प्रशासनिक नेतृत्वलाई जिम्मेवारी दिने र सोहीअनुसार कामयाबी बनाउन नसक्दा मन्त्रालय आफैं पनि भद्रगोल बन्न पुग्यो,' ती सचिवको अनुभव छ । मुख्य सचिवले आफूसँग भएको क्षमता र दक्षतालाई सरकारको कार्यसम्पादन बलियो बनाउने कार्यतर्फ लगाउन नसकेको भन्दै ती सचिवले चिन्ता व्यक्त गरे ।

मन्त्रालयको मुख्य नेतृत्वमा रहेका मन्त्रीहरू आफैं पनि परिणाम दिनेगरी रातदिन काममा खट्न नसकेको विश्लेषण मन्त्रालयकै कर्मचारीको छ । 'सम्भवत सुरुमा प्रधानमन्त्री र सत्तारूढ दलले पार्टीबाट मन्त्री छनोट गर्दा योग्यमध्येबाट छनोट गर्न नसक्दा नै मन्त्रीहरूले परिणाम दिन सक्नेगरी काम गर्न नसकेका हुन सक्छन्,' पूर्वसचिव त्रितालले राजधानीसँग भने ।

रार्नीतिक विश्लेषकका अनुसार अहिलेका मन्त्रीहरूले भोलिको प्रधानमन्त्री हुने लक्ष्यका साथ द्रुत गतिमा परिणाम निकाल्ने गरी काम गर्नुपर्छ । तर, अहिले भोलिको प्रधानमन्त्री हुने लक्ष्यअनुसार 'डायनामिक' किसिमले कसैले पनि काम गर्न नसकेको अनुभव राजनीतिक र प्रशासनिक विश्लेषकको छ । विगत केही वर्षदेखिको परम्पराअनुसार नै मन्त्रीहरूले आफ्नो सचिवालयमा विज्ञका रूपमा आफ्नै कार्यकर्ता राख्दै आइरहेका छन् । जसका कारण मन्त्रीहरूले राम्ररी काम गर्न नसकेको प्रशासकको अनुभव छ । मन्त्रीहरूले 'आउट अफ द बक्स'को रूपमा भिजन राख्नुपर्छ तर उनीहरू मन्त्रालयभित्रै हराउँदा परिणाम देखिन नसकेको हो,' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले भने । मन्त्रीहरू बिचौलिया, परिवारका सदस्य र कार्यकर्ताको घेराबाट बाहिर निस्कन नसक्दा सम्म समग्र देश र जनताको हितमा उनीहरूले केही पनि गर्नै नसक्ने दाबी ती अधिकारीको छ । अहिले करिब करिब अवस्था त्यस्तै भएकाले पनि सिंगो सरकारको 'परफरमेन्स' राम्रो देखिन नसकेको हो,' मन्त्रालयका ती अधिकारीको विश्लेषण छ ।


**काइके गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शहरतारा, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

**कबिराज करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७७/०६/११**

प्रस्तुत विषयमा यस काईके गाँउपालिका अन्तर्गत स्वास्थ्य सेवा समूह (आयूर्बेद) शाखाको लागि आवाश्यक पाचौ कविराज पद करारमा पदपुर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले विज्ञापन मितिले ७ दिन भित्र आवाश्यक कागजात सहित यस कार्यालयमा दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | बिज्ञापन नम्बर | पद | तह | आवस्यक संख्या |
|---|---|---|---|---|
| १ | ०१ -२०७७/०७८ | सहायक पाँचौं | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवस्यक न्यूनतम योग्यता र अनुभव :**
(क) स्वास्थ्य सेवा आयूर्वेदमा AASW AHA उर्तिण भएको ।
**(ख) अनुभव र सिप :** (कबिराज) पाचौं तह पदको लागि देहायको अनुभव र सिप आवस्यक पर्नेछ :
- कार्यालयको बिवरण तयार गर्न सक्ने, (कबिराज) सम्बन्धी ज्ञान सिप भएको पारस्परिक सम्बन्धि सीप सहित कम्तिमा एक बर्षको काम गरेको अनुभव भएको ।

**(ग) उमेर :** कम्तिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
**२. दरखास्त दिने स्थान** : काईके गाँउपालिकाको कार्यालय शहरतरा बगर, डोल्पा ।
**३. दरखास्त दिने अन्तिम मिति** : २०७७/०६/१७
**४. आवेवन दस्तुर** : रु. १०००/- (अक्षरुपी एक हजार मात्र)
**५. छनौट किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्ष ।
**६. आवेदन साथ संलग्न कागजातहरु** : स्वंयमले प्रमाणित गरेको तपशिल बमोजिमका कागजातको प्रतिलिपिहरु : नागरिकताको प्रतिलिपि-शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र- चारित्रिक प्रमाणपत्र-अनुभव तथा सीप खुल्ने कागजात- २ प्रति पासपोर्ट साईजको फोटो ।
**७. सेवा सुबिधा** : गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रकृयाको दफा (११) (१२)(१३) बमोजिम हुनेछ ।
**८. पदले सम्पादित गर्नुपर्ने कार्य** : गाँउपालिका तथा नगरपालिकामा करार पदपूर्ति सम्बन्धि प्रकृयाको दफा (९)बमोजिम हुनेछ ।

**सम्झना अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**



**धर्मदेवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मुडेशनिश्चरे, संखुवासभा**
**१ नं. प्रदेश, नेपाल**

**सूचना !!! सूचना !!! सूचना !!!**

**सूचना प्रकाशित मितिः २०७७।०६।११**

मिति २०७७।०६।०९ गते प्रकासन गरिएको बोलपत्रमा देहायको विवरण हुनु पर्नेमा 04/DMO/Goods/04-2076/2077 भएको व्यहोरा जानकारी गराइन्छ ।

**संशोधित विवरणः**

| | |
|---|---|
| **IFB/RFP/EOI/ PQ No.** | 01/DMO/Goods/ 01-2077/2078 |
| **Procurement Category** | Goods |
| **Publication Date** | 27-09-2020 00:00 |
| **Bid-Opening Date** | 27-10-2020 13:00 |

| | |
|---|---|
| **Project Title** | Procurement of IT |
| **Procurement Method** | NCB |
| **Bidding Type** | Open |
| **Submission Deadline** | 27-10-2020 12:00 |

अन्य थप जानकारीको लागि वेवसाइट www.bolpatra.gov.np मा गई हेर्न सकिनेछ ।

फोन नं. : ०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, *gmail : dharmadevimun@gmail.com*,
***website : www.dharmadevimun.gov.np***

**प्रमुख प्रशासकीय अधिकृत**